# आर्थिक वर्ष २०८०/०८१

# को

# नीति तथा कार्यक्रम




श्री मधुवन नगरपालिकाको बाह्रौं नगरसभामा नगर प्रमुख

श्री तेज बहादुर भाट ज्यू बाट प्रस्तुत


<u>नीति तथा कार्यक्रम</u>

२०८०

https://madhuwanmun.gov.np/en

# मधुवन नगरपालिकाको राजनीतिक नक्सा

p




स्रोत: स्थलरुप नक्सा (स्केल १:२५००० / १:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
तयार पार्ने: गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection Systen: MUTM, Spheroid - Everest 1830
LLRC, 2016

**श्री उपस्थित सभाका सम्पूर्ण सदस्य ज्यूहरु,**

**सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरु,**

**सम्पूर्ण पत्रकार मित्रहरु।**

*"पर्यटन, कृषि, शिक्षा, स्वास्थ्य र पूर्वाधार ,*
*मधुवन नगरपालिका विकासको मूल आधार "*

भन्ने मूल नाराका साथ अघि बढेको यस मधुवन नगरपालिकाको बाह्रौं नगर सभामा नगर प्रमुखको हैसियतले आ.व. २०८०/०८१ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरावान्वीत महसुस गरेको छु ।

यस सुवर्ण अवसर प्राप्त गर्नका लागि राजनैतिक परिवर्तनका विभिन्न काल खण्डमा परिवर्तनका लागि भएका आन्दोलन एवं विभिन्न राजनैतिक घटना क्रममा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली तथा उच्च सम्मान प्रकट गर्न चाहन्छु । २०७९ को निर्वाचनमा आफ्नो अमूल्य मत दिई निर्वाचित बनाई बिगत १ वर्ष देखि यस मधुवन नगरपालिकाको विकास र सम्बृद्धिमा साथ दिनुहुने सबै राजनैतिक दल, समाजसेवी, आमाबुवा, दाजुभाई तथा दिदीबहिनीहरु प्रति हार्दिक आभार ब्यक्त गर्दछु ।

नेपालको संबिधानले परिकल्पना गरेको समानता, सम्वृद्धि र सामाजिक न्यायको सुनिश्चितताको सिद्धान्तलाई आत्मसात गर्दै समतामुलक समाज निर्माण, संबिधान प्रदत्त मौलिक हकको संरक्षण एवं सहभागितामूलक समाजको विकास गर्दै स्थानीय आवश्यकता, जनचाहना, राज्यका निर्देशक सिद्धान्तहरु तथा नीतिहरु, भावी नगर सम्वृद्धिका परिकल्पनाहरु समेतलाई सम्बोधन हुनेगरी नेपालको प्रचलित कानुन, स्थानीय सरकार संचालन ऐन २०७४, नगर कार्यपालिका कार्यविभाजन नियमावली २०७४, नगर कार्यसम्पादन नियमावली २०७४ लगायत यस मधुवन नगरपालिकाले निर्माण गरेका विभिन्न ऐन, कार्यविधी र नियमावली समेतमा भएको व्यवस्था समेतलाई आत्मसात गर्दै सहभागितामुलक ढंगले जनचाहना अनुरुप हुनेगरी यो नीति तथा कार्यक्रम प्रस्तुत गरेको छु ।

यस नगर सभामा प्रस्तुत हुने नीति तथा कार्यक्रमहरुले नेपाल सरकारले लिएको दिगो विकास लक्ष्य, राष्ट्रिय तथा क्षेत्रगत लक्ष्य प्राप्त गर्ने तथा योजना तर्जुमाका क्रममा मधुवन नगरपालिकाको विभिन्न विषयगत समिति तथा निर्वाचित जनप्रतिनिधि, राजनैतिक दलका प्रतिनिधि, बुद्धिजीवी र हरेक क्षेत्रमा सरोकार राख्ने महानुभावहरु बाट प्राप्त राय, सुझाव एवं चालु आ.व. को नीति कार्यक्रम तथा बजेटको कार्यन्वयनबाट प्राप्त उपलब्धिका आधारमा आ.व. २०८०/०८१ को नीति तथा कार्यक्रम तयार पारी प्रस्तुत गरेको छु ।

**सभाका सदस्य ज्यूहरु,**

सिमित स्रोत र असिमित आवश्यकताका बिचमा आकस्मिक आपदा र व्यवस्थित पुर्वातयारिका बीचमा संबैधानिक सिमा र व्यावहारिक कठिनाइका बिचमा तालमेल मिलाउंदै र भर्खरै सुरु भएको नयाँ दशक (२०८०-२०९०) ले सिर्जना गरेका चुनौती संग पौंठे जोडी खेल्दै प्रविधि र विज्ञानले उत्भव गरेका अवसरहरुको पूर्ण सदुपयोग आजको अपरिहार्यता भैसकेको छ ।

मधुवन न.पा.

हाम्रो सोच, युवा जोस र परिपक्क तादम्यताले मात्र नयाँ दशकले सिर्जना गरेका नविन चुनौतिहरुको सामना गर्न सक्दछ । विगत एक वर्षको अनुभवमा हामीले पहिचान गरेका प्रमुख चुनौतिहरु यस प्रकार छन ।

१. मानव बन्यजन्तु द्वन्द्व
२. छाडा पशु चौपाया
३. लागूऔषध दुर्व्यसनीमा किशोर/ किशोरीहरुको संग्लनता
४. न्यून आय र अधिकतम जनचाहना

यसका अतिरिक्त गुणस्तरीय शिक्षा, स्वास्थ्य सेवामा सरल पहुँच नहुनु, प्राकृतिक आपदा र दैवी प्रकोप, बेरोजगारी, निर्वाहमुखी खेतीपाती र निराश किसान पनि हाम्रा चुनौतिहरु हुन ।

यसर्थ मधुवन नगरपालिकालाई संवृद्ध नगर बनाउन माथिका चुनौतिहरु माथि विजय प्राप्त गर्न परियोजनाको नयाँ उडान भर्न जरुरि छ । संवृद्ध मधुवन निर्माणका लागि तपसिलका संस्थाहरुलाई मधुवन नगरपालिका संवृद्धिका सारथी घोषित गर्दछ ।

१. मधुवन नगर अस्पताल तथा आँखा अस्पताल
२. मधुवनका प्राविधिक विद्यालय
३. खाता जैविक मार्ग समन्वय समिति
४. पश्चिम बबई जल उपभोक्ता समिति

**सभा सदस्य ज्यूहरु,**

अब म आगामी आ.व. २०८०/०८१ को नीतिहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

क. लक्ष्य

- कृषि क्षेत्रलाइ आत्मनिर्भर बनाउनुका साथै समग्र नागरिकको स्वास्थ्यमा सुधार गरि शिक्षालाई बैज्ञानिक र प्रतिस्पर्धी बनाई समग्र मधुवन नगरलाई सामाजिक, शैक्षिक, सांस्कृतिक र आर्थिक केन्द्रका रुपमा रुपान्तरण गरिने छ।

ख. उदेश्य

- यस नगरपालिकालाई प्राप्त हुने स्रोत साधनको उच्चतम उपयोग गरि नगर क्षेत्रको आर्थिक, सामाजिक, र भौतिक विकास गर्ने ।
- नेपालको संविधानले व्यवस्था गरेको हक अधिकारको अधिकतम प्रत्याभूति हुने वातावारणको सिर्जना गर्ने।
- सार्वजनिक जग्गा, बाटो, तालतलैया, उद्धान, पार्क, वन-जंगल, नदि, खोलानाला आदिको संरक्षण गरि पर्यटकीय गन्तव्यको रुपमा विकास गर्ने ।
- ताराताल देखि राराताल सम्मको सम्वृद्धिको उदगम केन्द्रबिन्दु यसै नगरपालिकालाई मानि वस्ती विकास र सडक पुर्वाधारका कार्यक्रम हरु अगाडी बढाउने ।
- नगर भित्रका मासु पसल, बधशाला, तरकारी तथा हाटबजारलाई व्यवस्थित गरि स्वच्छ उपभोग्य वस्तुको आपूर्ति गर्ने ।

मधुवन न.पा.

- कृषि पशुपालनलाई व्यावसायिक तथा सम्मानित पेशाको रुपमा विकास गर्दै गरिबी निवारणको मुख्य आधार स्तम्भको रुपमा विकास गर्ने।
- सामुदायिक विद्यालयको शिक्षालाई गुणस्तरीय, निःशुल्क , प्रतिस्पर्धी र व्यावसायिक तथा दक्ष प्राविधिक युवा उत्पादन केन्द्रको रुपमा विकास गर्ने।
- सरसफाई र फोहोरमैला व्यवस्थापन तथा ल्याण्डफिल्ड साइटलाई थप व्यवस्थित गर्दै *"सफा, स्वच्छ र सुन्दर"* मधुवन नगर निर्माण गर्ने ।
- शिक्षालाई वैज्ञानिक, प्रतिस्पर्धी तथा गुणस्तरीय बनाउन आवश्यक शैक्षिक सुधारका क्रियाकलापहरु गरिनेछ ।
- समग्र नगरपालिकाको वस्तुस्थिति झल्किने गरि नगरपालिकाको प्रोफाइल तयार गरिनेछ ।

**सभा सदस्य ज्यूहरु,**

माथि उल्लेखित लक्ष्य र उदेश्यहरु हासिल गर्न देहाय अनुसारको विषय क्षेत्रगत नीति प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

# १. भौतिक पूर्वाधार तथा सहरी विकास

- नगर गुरुयोजना निर्माण गरि भौतिक पूर्वाधार विकासको कार्यहरुलाई व्यवस्थित गरिनेछ ।साथै गुरुयोजना भित्र ढलनिकास गुरुयोजना समेत समावेश गरिनेछ ।
- नगर भित्र रहेका खुल्ला सार्वजनिक स्थानको लगत अध्यावधिक गरि संरक्षण गर्ने नीति लिइनेछ ।
- नगर क्षेत्रको सडक संजालमा सबै नगरवासिहरुको आवश्यकता र औचित्यको आधारमा सडक गुरुयोजना अनुसार नयाँ सडकको निर्माण र भएका सडकहरुको स्तरोन्नति गरिनेछ।
- नगर भित्र निर्माण भई रहेका आवासीय तथा व्यापारिक भवनहरुलाई मापदण्ड बमोजिम निर्माण गर्नका लागि सचेतना साथै सुरक्षित आवास निर्माणको तालिम संचालन गरिने छ।
- व्यापारिक भवन तथा सार्वजनिक भवन निर्माण गर्दा बालमैत्री, अपाङ्गमैत्री एवं वातावरण मैत्री बनाइने छ ।
- पूर्वाधार विकास शाखा अन्तर्गतका कर्मचारीहरुलाई क्षमता विकास सम्बन्धी तालिम दिइनेछ । साथै योजना सफ्टवेयर मार्फत योजना तथा कार्यक्रमहरुको अभिलेख व्यवस्थित गरिनेछ ।
- मधुवन नगरपालिकाको भौतिक निर्माण क्षेत्रको समग्र विकासका लागि संघिय सरकार, प्रदेश सरकार, अन्य दातृ निकाय, संघसंस्था, निजि क्षेत्र, भौतिक निर्माण क्षेत्र, वित्तीय क्षेत्र संग आवश्यक समन्वय तथा साझेदारी गरिनेछ।
- ठुला भौतिक आयोजना निर्माण गर्दा प्रारम्भिक वातावरणीय मुल्यांकन तथा वातावरणीय प्रभाव मुल्यांकन अनिवार्य गरिनेछ।
- केन्द्रीय भवन निर्माण आचारसंहितालाई हुवहु लागु गर्नुका साथै अनिवार्य समेत बनाइनेछ ।
- नदि तथा सिमसार क्षेत्रको कटान रोक्न जैविक तटवन्धनलाई अगाडी बढाउने नीति लिइनेछ ।
- यसै आर्थिक वर्ष देखि पी.पी.पी. मोडेलमा समेत सार्वजनिक निर्माणको प्रारम्भ गरिनेछ ।

- भूकम्प रहित भवन तथा पुर्वाधारहरु निर्माण गर्दा चाहिने दक्ष जनशक्ति तयार गर्न यसै आर्थिक वर्ष देखी निःशुल्क मेसन ट्रेनिंग प्रारम्भ गरिनेछ । करिब १०० जना दक्ष जनशक्ति यसै आर्थिक वर्ष तयार गरिनेछ जसका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।
- विद्युतीकरणबाट बन्चित भएका वस्तीहरुमा बिद्युत विस्तार गरिनुका साथै कृषि क्षेत्रमा समेत विद्युत विस्तारलाई विशेष जोड दिईनेछ ।
- नगरपालिकाका पुर्वाधारहरुमा लगानीका विभिन्न वित्तीय उपकरण तथा स्रोत परिचालन गर्न नगर बिशेष कोषमा नगरपालिकाको शेयर स्वामित्व रहने गरि आवश्यक प्रवन्ध मिलाइनेछ ।
- निर्माण प्रक्रियामा रहेका पुराना र संचालित आयोजनाहरु यसै आर्थिक वर्षमा सम्पन्न गराउन प्राथमिकता दिई आवश्यक बजेटको व्यवस्था गरिनेछ ।
- सबै वडा बस्तिहरुमा यो वर्ष पूर्ण ग्रावेल सडक बनाउने नीति लिई कार्यक्रम अघि बढाइनेछ ।
- नगरको मुख्य बजार क्षेत्रमा सार्वजनिक शौचालय, खानेपानी व्यवस्थापन, हाईमस्ट लाइट जडान, गार्डेन जस्ता पूर्वाधारहरु निर्माण गरि व्यवस्थित गरिनेछ ।
- आ.व. २०८०/०८१ मा मुख्य बजार क्षेत्रमा सी.सी. क्यामेरा जडान गर्नुका साथै व्यवसायिक सटरहरु निर्माण गरि नगरको आय अआर्जन वृद्धि गर्नुका साथै नगर सुरक्षालाई समेत व्यवस्थित गरिनेछ ।
- विद्युत सेवालाई भरपर्दो बनाउन यस मधुवन नगरपालिका भित्र सब-स्टेशनको आवश्यकता भएकाले सबै राजनीतिक दलहरुको सहयोगमा आवश्यक पहल गरिनेछ ।
- यसै आ.व. मा स्थानीय उत्पादन प्रबर्द्धन गर्न औधोगिक ग्रामको स्थापना गरिनेछ । यसका लागि संघिय सरकार संग विशेष बजेटको माग समेत गरिनेछ ।
- मधुवन रिंग रोडको दिर्घकालिन रुपमा फरक नपर्ने  तरिकाले रेखांकन गरि निर्माण प्रक्रियालाई प्रारम्भ गरिनेछ ।
- समयमै निर्माण व्यवसायीहरुले कार्य सम्पन्न गरुन भन्नका लागि अनिवार्य रुपमा कार्यक्रमको आवधिक कार्यसूची पेश गर्न अनिवार्य गराइनेछ साथै समयमै काम नगर्ने र नगरपालिकालाई आर्थिक क्षेति पुर्याउने निर्माण व्यवसायीहरुलाई नकारात्मक सुचिमा राखुको अतिरिक्त असुलउपर समेत गरिने व्यवस्था मिलाइनेछ ।
- सबै विद्यालय र स्वास्थ्य चौकीहरुलाई कालोपत्रे सडकले जोडिनेछ ।

## २. शिक्षा, युवा तथा खेलकुद

- निःशुल्क गुणस्तरीय शिक्षाको कार्यक्रमलाई मुर्तरुप दिन बालविकास देखि कक्षा १० सम्म निःशुल्क पठन पाठनको व्यवस्था मिलाउंदै क्रमश अंग्रेजी माध्यम सबै विद्यालयहरुमा अध्यापन सुरु गर्ने व्यवस्था मिलाइनेछ ।
- नगर प्रमुख शैक्षिक सुधार कार्यक्रमहरुलाई मुर्तरुप दिन ICT कक्षाको व्यवस्थापन, छात्राहरुको लागि Pink Room व्यवस्थापन, विद्यार्थी अनुपातमा शिक्षक दरवन्दीको मिलान, विद्यालय मर्ज तथा कक्षा समायोजन, दरवन्दी मिलान, शिक्षक तालिमका साथै विद्यालयहरुमा बगैचा निर्माण तथा

बालबालिकाहरुलाई मनोरन्जनका क्रियाकलापका माध्यमबाट समेत स्वअध्यनलाई प्रारम्भ गरिनेछ ।

- असाहय/ संरक्षण बिहिन बालबालिकाको संरक्षण र तिनको उज्ज्वल भविष्यको लागि आवासीय निःशुल्क अध्यन अध्यापनलाई थप व्यवस्थित गरिनेछ ।
- शिक्षक सरुवालाई जिम्मेवारी संग जोड्दै उत्कृष्ट शिक्षकलाई पुरस्कृत र गलत आचरण भएका जिम्मेवारी वहन नगर्ने शिक्षकहरुलाई दण्डित गर्ने नीति अवलम्बन गरिनेछ ।
- शिक्षालाई प्रतिस्पर्धी र गुणस्तरीय बनाउन विद्यालय वातावरण सुधारमा समेत विशेष ध्यान दिईनेछ। कक्षा कोठा देखि शौचालय सम्मको सरसफाई योजनामा सबै विद्यालयहरुमा आवश्यक बजेटको व्यवस्था गरिनेछ । विद्यालय गार्डेन, किचन गार्डेन तथा अन्य व्यवस्थापकीय सुधारका क्रियाकलापहरुको संचालन यसै आर्थिक वर्षबाट प्रारम्भ गरिनेछ ।
- विज्ञान प्रविधिलाई प्रोत्साहन गर्न Innovation का क्षेत्रमा समेत आवश्यक बजेटको व्यवस्था गरिनेछ । विज्ञान प्रयोगशालाहरुको निर्माण गरिनेछ ।
- "*विपन्न संग नगर प्रमुख* " कार्यक्रमलाई अघि बढाउंदै विपन्न र जेहेन्दार विद्यार्थीहरुका लागि छात्रवृत्ति कार्यक्रम अघि बढाइनेछ । यसका लागि छुट्टै कोषको व्यवस्था गरिनेछ ।
- नगरबाट नियुक्त गरिएका शिक्षकहरुलाई नगरले तोके अनुसारको तलबको व्यवस्था गरि एउटै नामबाट मात्र सम्बोधन गरिनेछ।
- विद्यालय पूर्वाधार निर्माण, मर्मत सम्भार र संरक्षणका लागि विशेष कार्यक्रम संचालन गरिनेछ ।
- शिक्षामा दिईने कुनै पनि अनुदानलाई अवण्डाका रुपमा नराखी क्रियाकलाप संग आवद्ध गरिनेछ । खर्चलाई व्यवस्थित र मर्यादित बनाइनेछ ।
- विद्यालयमा गरिने लेखा परिक्षण र त्यसले औलाएका सुझावहरुको समिक्षा गर्दै सुधारका क्रियाकलापहरुलाई अघि बढाइनेछ ।
- प्राविधिक धार संचालन भएका सबै विद्यालयहरुमा साधारण तर्फ र प्राविधिक तर्फ हुने खर्चको लेखा जोखा अलग अलग राखी अलग अलग लेखा परिक्षण गराई पारदर्शी गराइनेछ र विद्यालयलाई जनउत्तरदायी बनाइनेछ ।
- विद्यालयमा देखिएको सेनिटरी प्याड डिस्पोजलको समस्या निवारणका लागि आवश्यक व्यवस्था गरिनेछ ।
- विद्यालयहरुमा संचालित पढ्दै कमाउदै कार्यक्रमलाई प्रोत्साहित गर्नुका साथै सिपमुलक तालिमका कार्यक्रमहरुलाई विद्यालयमा आवद्ध गरिनेछ ।
- विद्यालयमा बिद्यार्थीहरुमा देखिएको नकारात्मक सोच तथा मानसिकतालाई परिवर्तनका गर्नका लागि मनोसामाजिक परामर्शकर्ताको आवश्यक व्यवस्था तथा आवश्यक उपचारको समेतको व्यवस्था मिलाइनेछ ।
- प्रत्येक विद्यालयमा First Aid Kit (फर्स्ट एड किट) को व्यवस्था संगै आवश्यक औषधि निःशुल्क उपलब्ध गराइनेछ ।
- यसै वर्ष देखि बजेटका शिर्षकहरु छुट्टाई स्पष्ट हुने गरि विद्यालयमा बजेट निकासा हुने व्यवस्था मिलाइनेछ ।
- प्राविधिक शिक्षा संचालन भएका विद्यालयहरुमा आवश्यक बजेटको व्यवस्था मिलाइनेछ ।

मस्यौदा प्रति

- यसै वर्ष देखि दिर्घकालिन नगर शिक्षा गुरु योजना निर्माण प्रक्रिया सुरु गरिनेछ ।
- विद्यालय अनुगमन र सुपरिवेक्षणलाई प्रभावकारी र अनिवार्य बनाइनेछ । यसका लागि छुट्टै नगरस्तरीय सुपरिवेक्षण संयन्त्र निर्माण गरिनेछ ।
- यसै वर्ष देखि नगर नमुना विद्यालय निर्माणको प्रक्रिया अगाडी बढाइनेछ ।
- विद्यालय क्षेत्रमा रहेका र बालबालिकालाई जोखिम भएका नाला, झरन, कुलोको व्यवस्थापनको लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।
- विद्यार्थीहरुको कक्षा छाड्ने क्रमलाई नियन्त्रण गर्नका लागि न्यून सिकाइ उपलब्धि भएका विद्यार्थीहरुका लागि अतिरिक्त कक्षा संचालनका लागि आवश्यक व्यवस्था गरिनेछ ।यसका लागि वडा भित्र वडा अध्यक्ष शैक्षिक सुधार कार्यक्रमका रुपमा सबै वडाका अध्यक्षहरुबाट बिशेष पहल र योगदानलाई सुनिश्चितता गरिनेछ ।
- विद्यालयको कक्षा कोठा व्यवस्थापन तथा सिकाइ उपलब्धिमा केन्द्रित गर्नका लागि विद्यालयमा अध्यापन गर्ने शिक्षकको न्युनतम पढाइ घन्टी निर्धारण गरि विद्यालयमा सिकाई उपलब्धि निर्धारण गरिनेछ । शिक्षकलाई कक्षा कोठामा अधिक समय केन्द्रित गराउने नीति ल्याइनेछ ।
- नयाँ खोज र अनुसन्धानका लागि पालिका भित्रका विद्यालयका विद्यार्थीहरुलाई छनोट गरि अध्ययन अवलोकन भ्रमणका कार्यक्रम राखिनेछ।
- यस नगरपालिकामा रहेको एक मात्र गुराँस बहुमुखी क्याम्पसमा पूर्णकालिन प्राध्यापक तथा कर्मचारीहरुको आवश्यक तलबको व्यवस्था गरिनेछ ।
- स्वास्थ्य शिक्षाको परिकल्पना गरि यसै आर्थिक वर्ष देखि खेलकुद विकासलाई समयानुकुल र मर्यादित बनाउन नगर स्तरीय खेलकुद समिति बनाइ संयोजक र पदाधिकारी तोकी खेलकुद प्रशिक्षकको समेत आवश्यक व्यवस्था गरि खेलकुद विकासका क्रियाकलापहरु संचालन गरिनेछ ।
- मेयर कप संचालन तथा अन्य खेलकुद गतिविधिहरु नियमित रुपमा संचालनका लागि छुट्टै नगर खेलकुद विकास कोषको निर्माण गरि आवश्यक बजेटको निर्माण गरिनेछ ।साथै यसका लागि छुटै कार्यविधि बनाइ व्यवस्थित गरिनेछ ।
- नगरस्तरीय खेलकुद मैदान, स्टेडियम निर्माणका लागि आवश्यक पहल गरिनेछ ।
- खेलकुद विकासमा युवाहरुलाई अभिप्रेरित गरि बढी भन्दा बढी युवालाई सरिक गराउन सबै प्रकारका खेलहरुलाई प्रोत्साहित गरिनेछ। यस नगर क्षेत्रबाट राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा सहभागिता जनाई पदक प्राप्त गर्ने खेलाडीहरुलाई सम्मान तथा अभिलेखीकरण गरिनेछ।
- नगरपालिका भित्र रहेका खेलकुद क्लबहरुको दर्ता प्रक्रिया अगाडी बढाइनेछ र नगर खेलकुद विकास समिति मार्फत एकीकृत रुपमा खेलकुदका कार्यक्रम अगाडी बढाइनेछ ।
- युवा केन्द्रित सिपमुलक तथा आयमुलक स्वरोजगार कार्यक्रमहरु संचालन गरिनेछ ।
- दिवा खाजा तथा विद्यालय हाता भित्र संचालनमा रहेका क्यान्टिनहरुमा जंक फुडलाई पूर्ण रुपमा निषेध गराई स्थानीय उत्पादनबाट बनेका परिकारहरुको प्रयोगमा जोड दिईनेछ ।
- मदरसा शिक्षाका लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

मस्यौदा प्रति

# ३. स्वास्थ्य

- स्वास्थ्यमा नागरिकको पहुँचलाई सहज बनाउन र सबै नागरिकले निःशुल्क  पाउनुपर्ने औषधिहरु समयमै प्राप्त होस् भन्ने उदेश्यले विपन्न नागरिक स्वास्थ्य बिमा कार्यक्रमहरुलाई प्रोत्साहन गरिनेछ ।
- यस आर्थिक वर्ष देखि मधुवन नगर अस्पताललाई संचालनमा ल्याइनेछ । अस्पताल भित्र सुपथ मुल्यको औषधि पसल संचालनमा ल्याइनेछ । आवश्यक जनशक्तिको व्यवस्थापन गरि उपयुक्त प्रविधि र सुविधाहरु उपलब्ध भएको Digital X-Ray, Video X-Ray, ल्याब लगायतका आवश्यक पर्ने सबै खालका उपकरणहरुको व्यवस्थापन गरिनेछ ।साथै पोष्टमार्टम रूम तथा सव गृहको समेत निर्माण गरिनेछ ।
- यसै आ.व. मा शववहान खरिद तथा संचालनको आवश्यक व्यवस्था मिलाइनेछ ।
- प्रायः थारु समुदायमा देखिने सिकलसेल एनीमिया नामक रोग निदानका लागि आवश्यक पर्ने साधनहरुको व्यवस्थापन गरि उपचार सेवा संचालन गरिनेछ ।
- जनताको जिउ धनको सुरक्षा गर्न सर्प दंस उपचार तथा रेबिज भ्याक्सिनको आवश्यक व्यवस्थापन गरिनेछ ।
- मातृ शिशु, किशोर किशोरी, जेष्ठ नागरिकहरुको स्वास्थ्यमा सहज पहुँच सुनिश्चित गर्नका लागि प्रोत्साहन गर्न थप कार्यक्रमहरु संचालनमा ल्याइनेछ ।
- सबै खोप केन्द्रहरुलाई व्यवस्थित गर्दै महिला स्वयंसेविकालाई प्रोत्साहन गर्न निर्मित कोषमा नगरबाट आवश्यक बजेटको व्यवस्था गरिनेछ ।
- सबै बर्थिङ सेन्टरहरु वातानुकुलित बनाई थप आवश्यक उपकरणहरुको व्यवस्था गरिनेछ । सबै सुत्केरी महिला, अपाङ्ग, जेष्ठ नागरिकहरुलाई गत आ.व. मा उपल्ब्ध गराइएका सुविधाहरुलाई निरन्तरता दिईनेछ ।साथै आवास सुविधा नपुगेका बर्थिङ सेन्टरहरुमा रात्रीकालिन सेवा संचालनको लागि आवासको व्यवस्था मिलाइनेछ ।
- अस्पतालका संरचनाहरु अपाङ्ग मैत्री बनाइनेछ । अशक्त, अपाङ्ग र विपन्न नागरिकहरुलाई मध्यनजर गरि स्वास्थ्य घुम्ती शिविरहरु संचालन गरिनेछ ।
- सुनौलो हजार दिनका कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- पोषण सुधारका कार्यक्रमहरुलाई थप प्रोत्साहित गरिनेछ ।
- स्वास्थ्य कर्मचारीको सम्पादित कार्यलाई कार्य सम्पादन मुल्यांकनको आधार बनाइनेछ । दण्ड र पुरस्कारको नीतिलाई अवलम्बन गरिनेछ ।
- स्वास्थ्य सूचना प्रणाली तथा आपूर्ति व्यवस्थापनलाई थप व्यवस्थित गर्न सम्पूर्ण स्वास्थ्य संस्थाहरुबाटै अनलाइन माध्यामबाट प्रतिवेदन गर्ने व्यवस्था मिलाउनुको साथै समिक्षा प्रणालीलाई थप व्यवस्थित बनाइनेछ।
- मधुवन स्वास्थ्य ऐन, नीति र आकस्मिक चक्र कोष कार्यविधि तर्जुमा गरि कार्यन्वयनमा  ल्याइनेछ र स्वास्थ्यका कर्मचारीहरुलाई व्यवस्थित गर्न आवश्यकता अनुसार थप कार्यविधि बनाइने छ।
- नगर क्षेत्रबाट निस्कने फोहोरको उचित व्यवस्थापन गरि वातावरण प्रदुषण कम गर्न  आवश्यक पहल गरिनेछ ।

- सरुवा रोगको नियन्त्रण गर्ने कार्यलाई समेत प्राथमिकता दिई यसै वर्ष सरुवा रोग निवारण अस्पताल निर्माण गर्न आवश्यक पहल गरिनेछ ।
- यस नगरमा रहेको एक मात्र नेपाल नेत्र ज्योति संघ बर्दिया आँखा अस्पताल भित्र आवश्यक पूर्वाधार निर्माण गरि सुरक्षीत र भरपर्दो सेवा प्रदान गर्न पहल गरिनेछ ।
- नेपाल रेडक्रस सोसाइटी मधुवन "ख" उपशाखा संग समन्वय गरि ब्लड बैंक (रक्त संकलन केन्द्र) को स्थापना गरि रक्त संकलन कार्यलाई भरपर्दो र विश्वसनीय बनाइनेछ ।
- नसर्ने रोग, किटजन्य रोग, बालाबिबाह, लागुऔषध दुर्वेषन न्यूनीकरणर किशोरकिशोरी प्रजनन स्वास्थ्य लगायतका विषयमा सचेतना अभिवृद्धि गर्न विद्यालयस्तरीय स्वास्थ्य शिक्षा कक्षा संचालन गरिनेछ ।
- नगारिक आरोग्य केन्द्रको स्तरोन्नति गर्नुका साथै नियमित रुपमा योग शिविर संचालन गर्ने व्यवस्था मिलाइनेछ ।

# ४. पशु सेवा

*"आयआर्जन र रोजगारीको मुख्य आधार, व्यवसायिक पशुपन्छी पालनमा हाम्रो सरोकार"*

- पशुपालन ब्यवसायलाई ब्यवसायिकरण, आधुनिकिकरण, बिबिधिकरण, बजारीकरण र यान्त्रिकरण गर्न सेवा टेवा कार्यक्रम सञ्चालन गरी आयात प्रतिस्थापन गर्ने, आत्मनिर्भर हुदै निर्यातको दर बढाउने, रोजगारी स्थापना गर्ने सम्मानित पेशाको रुपमा विकास गरिनेछ ।
- पशुपालन पकेट क्षेत्रको स्थापना गरि पशुपंक्षीजन्य बस्तु, दुध, अण्डा, मासुको उत्पादनमा वृद्धि गरिनेछ।
- नश्ल सुधारको कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- पशु आहारामा सुधार गर्न तथा उत्पादन लागत कम गराउन मिनरल ब्लकको प्रयोग, स्थानीय स्तरमा दाना बनाइ प्रयोग गराउने, घाँस खेति, घाँसको श्रोत केन्द्र विस्तार जस्ता कार्यक्रमको तर्जुमा गरि प्रभावकारी कार्यन्वयन गरिनेछ। साथै साइलेज उत्पादन तथा प्र योग गर्ने कार्यलाई प्रवर्द्धन गरिनेछ ।
- कृषि तथा पशुपंक्षी जन्य वस्तुको सीमापार खुला आयात निरुत्साहित गर्न *"पारिको हैन बारीको "* नीति लिई स्थानीय उत्पादनलाई प्रोत्साहन गरिनेछ । जसका लागि स्थानीय बजार, हाटबजार, माछामासु पसल लगायतका स्थानीय उत्पादनलाई प्राथमिकता दिन निर्देशिका बनाइ कार्यन्वयन गरिनेछ ।
- पशुधनको उपचार तथा प्रयोगशाला सेवालाई थप प्रभावकारी बनाउनुका साथै पशु अस्पतालको सम्भाव्यता बारे अध्ययन गरिनेछ ।
- पशु पालन र मत्स्य व्यवसायलाई पकेट क्षेत्रका रुपमा विकास गर्दै आवश्यक बजेटको व्यवस्था गरिनेछ ।
- वडावडामा प्राविधिक घर घरमा सेवा कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ ।
- यसै आर्थिक वर्ष खसी, कुखुरा र बंगुरको मासु काट्ने वधशाला र मासु पसलहरुको व्यवस्थापन गरिनेछ। व्यवसायीलाई आवश्यक पर्ने औजार तथा डी-फ्रिज साझेदारीमा उपलब्ध गराइनेछ ।
- मौरिपालनमा इच्छा राख्ने किसानहरुलाई आवश्यक तालिमको व्यवस्था गरि मौरीको घार अनुदान कार्यक्रमलाई आवश्यक बजेटको व्यवस्था गरि अघि बढाइनेछ ।

मधुवन न.पा.

- यस वर्ष कम्तिमा २५ विपन्न किसानलाई आत्मनिर्भर गराउन तथा दुग्ध व्यवसाय प्रवर्द्धन गर्न नमुना गाईपालन समूह निर्माण गरि निःशुल्क  जर्सी गाई तथा उन्नत जातका भैसिहरुमा अनुदान उपलब्ध गराइनेछ ।
- बाख्रा र बंगुरको पकेट क्षेत्र निर्माण गरि निःशुल्क  बंगुर र बाख्राका पाठाहरू विपन्न १०० घरपरिवारलाई निःशुल्क  उपलब्ध गराइ औषधि उपचारको समेत निःशुल्क  व्यवस्थापन गरिनेछ ।
- पढ्दै कमाउदै कार्यक्रम संचालनमा रहेका विद्यालयहरुमा माछाका भुरा, कुखुराका चल्ला तथा उन्नत जातका बोकाहरू निःशुल्क  अनुदानमा उपलब्ध गराइनेछ ।
- धार्मिक रुपले पवित्र मानिएको हाम्रो राष्ट्रिय जनावर गाई हाल छाडा रुपमा छाडिएको हुनाले किसानले ठुलो क्षेति भोग्नु परिरहेको छ । तसर्थ गाईको स्याहार, संरक्षण, र दिगो व्यवस्थापन गरि बहुउपयोगी लाभ लिन एक अधिकार सम्पन्न *"कामधेनु संरक्षण कोष"*को स्थापना गरिनेछ ।
- पशुपन्छीमा फैलिने बिभिन्न रोगहरु र फैलन सक्ने महामारी नियन्त्रण गर्न पशु स्वास्थ्य सेवा तथा निःशुल्क खोप सेवालाई प्रभावकारी बनाईनेछ ।
- स्थानीय प्रजातिको रैथाने गाई पाल्ने कृषकहरुलाई दुध उत्पादनमा प्रति लिटरका दरले अनुदान उपलब्ध गराइनेछ।
- कालिज, बँदेल, बट्टई पालन व्यवसायलाई प्रवर्द्धन गरिनेछ ।
- कृषक क्षमता अभिवृद्धि गर्ने विभिन्न तालिम प्रदान गरिनेछ ।
- गौशालाहरुको स्तरोन्नति गर्नुका साथै आवश्यक पुर्वाधारहरु निर्माण गरि व्यवस्थित गरिनेछ ।

## ५. कृषि

कृषि क्षेत्रम सुधार गरि उत्पादकत्व बढाई नागरिकको जीवन स्तर उठाउनुका साथै समग्र कृषि क्षेत्रको विकास गर्न देहायका नीतिहरु अवलम्बन गरिनेछ ।

- किसानको आत्मसम्मान बढाउन र कृषि उपजको उचित मूल्य उपलब्ध गराउन समर्थन मूल्य तोकी साना किसान सहकारीहरू मार्फत कृषि उत्पादन खरिदको आवश्यक व्यावस्था मिलाउन बिशेष ध्यान पुर्याइनेछ । साथै कृषि उत्पादन तथा कृषि जन्य उद्योगहरु संग सम्बन्धित क्षेत्रको विकास गर्न विज्ञ टोलीहरुको समेत निर्माण गरिनेछ ।
- कृषिलाई व्यावसायिक बनाउन तथा उत्पादनमा अभिबृद्धि गर्ने उदेश्यले कृषि सोचमा परिवर्तन गर्नु आजको आवश्यकता भएको महसुस गरि व्यावसायिक खेति र पशुपालन तर्फ आवश्यक नविनतम प्रविधिको प्रयोगमा बिशेष जोड दिइनेछ ।
- सम्भाव्यता, किसानको तत्परता र लगनशीलता एवं माटोको उर्वरा शक्ति समेतको परिक्षण उपयुक्त देखिएको क्षेत्रहरुमा कृषि विज्ञको सुझावका आधारमा धान, मकै, गहुँ, तोरी, मसुरो बालीहरुका साथै तरकारी बालीहरुको हकमा आलुको पकेट क्षेत्र बनाइ कृषिमा आत्मनिर्भर कार्यक्रम संचालन गरिनेछ ।
- सबै वडाहरुमा एक वडा एक प्राविधिकको माध्यमबाट निःशुल्क  प्राविधिक सेवा उपलब्ध गराइनेछ ।

- कृषिमा आत्मनिर्भर कार्यक्रम अन्तर्गत समुहमा बेसार खेति गर्न चाहाने उद्यम संचालन गरि नगरपालिकाको "*मधुवन ब्रान्ड*" प्रयोगमा ल्याउन चाहाने इच्छुक कृषक समूह तथा कृषि सहकारीलाई प्रसोधन कार्यका लागि आवश्यक पर्ने मेशिनरी औजार अनुदान कार्यक्रम संचालनमा ल्याइनेछ ।
- विपन्न, गरिब, एकल महिला, भूमिहीन पहिचान गरि आयआर्जन मुखी कार्यक्रम जस्तै च्याउ खेति, तरकारी नर्सरी स्थापना तथा तरकारी खेति जस्ता कार्यक्रममा संलग्न गराई रोजगारी सिर्जना गरिनेछ ।
- रवी (हिउँदे) बालि र बर्षे बालीहरुमा बिउ अनुदान कार्यक्रम संचालनमा ल्याइनेछ ।
- कोल्ड स्टोरमा आलु भण्डारण गर्न चाहने स्थानीय कृषकलाई भण्डारण परिमाणका आधारमा अनुदान उपलब्ध गराइनेछ ।
- कृषिमा सिंचाई क्षेत्रको विकास गरिनेछ । सिंचाई नपुगेको क्षेत्रका किसानहरुलाई अनुदानमा पम्पिंग सेट, बोरिंग, मोटरहरु उपलब्ध गराई कृषकलाई कृषिमा आत्मनिर्भर गराई जीवनस्तर सुधार गरिनेछ ।
- किसानलाई आफ्नो जमिनको माटोको परिक्षण गराई सोको यथार्थ विवरण तथा प्राविधिक भिजिट रेकर्ड समेत देखिने गरि किसान कार्डको व्यवस्था गरिनेछ ।
- तरकारी खेतीको बिस्तार गर्न तरकारी पकेट क्षेत्रको निर्माण गरिनेछ । बेमौसमी तरकारी खेतीलाई प्रोत्साहन गर्न बिउबिजन खरिदमा अनुदान उपलब्ध गराइनेछ ।
- कृषि हाटबजारलाई यसै वर्ष थप बिस्तार गरिनुका साथै मधुवन वडा न. ४ मा रहेको कृषि संकलन केन्द्रलाई थप व्यवस्थित गरिनेछ ।
- नगदेबाली, फलफुल खेति तथा विभिन्न खाद्यबालिको मूल तथा उन्नत बिउ उत्पादनमा आत्मनिर्भर बनाउन आवश्यक बजेटको व्यवस्था गरि अनुदान रकम उपलब्ध गराइनेछ। साथै सहकारी मार्फत बिउ खरिदको समेत सुनिश्चितता गरिनेछ ।
- यसै वर्ष देखि विभिन्न बालि संरक्षणका लागि बाली बिमा र आई.पि.एम.(एकीकृत सत्रु जीव व्यवस्थापन) का कार्यक्रमहरु संचालन गरिनेछ ।
- जडिबुटी जन्य कन्दमुल जस्तै कुरीलो, सिमल तरुल लगायतका बालीहरुको विकास, प्रवर्द्धन तथा संरक्षणमा बिशेष जोड दिईनेछ ।
- हरियो मल, कम्प्ष्ट मल, गड्यौला मल र गोबर मल जस्ता मलहरु उत्पादनमा कृषकहरुलाई प्रोत्साहन गरि रासायनिक मल प्रतिको निर्भरता कम गर्ने प्रयास गरिनेछ ।
- यसै वर्ष देखि विपन्न र सुकुम्बासीहरुको आय आर्जन वृद्धि गर्ने उदेश्यले प्रत्येक वडामा कृषि समूह गठन गरि ठुला किसानका जग्गाहरु लिजमा लिई खेति गर्ने र जमिन बाँझो नराख्ने तथा उत्पादनमा वृद्धि गर्न नमुना खेतिको रुपमा निश्चित क्षेत्र तोकी बजेट समेतको व्यवस्था गरि किसानहरुलाई प्रोत्साहित गरिनेछ ।
- यसै वर्ष देखि माटो परिक्षण गर्न कृषि ल्याबको व्यवस्था गर्नुका साथै आवश्यक अधिकृत जस्ता जनशक्तिको समेत व्यवस्था गरिनेछ ।

मधुवन न.पा.

## ६.महिला बालबालिका,जेष्ठ नागरिक, लक्षित् समूह तथा सामाजिक सद्भाव सहिष्णुता

- बिपन्न परिवारका अपांगता भएका, महिला, एकल महिला, मुक्तकमलरी, मुक्त कमैया, दलित, जनजाति, मधेसी, मुस्लिम, द्वन्द्धपिडित र जोखिममा परेका बालबालिकाको स्वास्थ्य उपचार सहजताका लागि स्वास्थ्य बिमा लगायत अन्य कार्यक्रमको संचालन गरिनेछ ।
- बालबिबाह, बहुबिबाह, दाइजो/ दहेज, बोक्सी, बालश्रम, जातीय छुवाछुत जस्ता समाजमा विधमान कुरीति, कुसंस्कार न्यूनीकरणका लागि जनचेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।
- सासु-बुहारी अन्तरक्रिया / श्रीमान-श्रीमती अन्तरक्रिया / हजुरबुवा-नातीनातिना अन्तरक्रिया तथा परिवारका अन्य सदस्यहरु संग विभिन्न किसिमका हिँसा न्यूनीकरण सम्बन्धि जनचेतनामुलक कार्यक्रम संचालन गरिनेछ।
- मधुवन नगरपालिका भित्र संचालनमा रहेका बालबालिका पुनस्थापना केन्द्र, जेष्ठ नागरिक आश्रय केन्द्र, अशक्त स्याहार केन्द्र संचालनका लागि सहयोग गरिनेछ ।
- लैंगिक तथा घरेलु हिंसा अन्त्यका लागि जनचेतनामुलक अभियान संचालन गरिनेछ ।
- बेरोजगारी अबस्थामा रहेका असाहय महिलाहरुलाई सिपमुलक एवं आयमुलक तालिमको माध्यमबाट घरेलु तथा कुटिर उद्योगधन्धामा संलग्न हुने अवसर प्रदान गरि उद्यमशिलता विकास, आत्मनिर्भर र सक्षम् हुन कार्यक्रम संचालन गरिनेछ।
- जेष्ठ नागरिकमा रहेका ज्ञान, सिप, सिर्जना, संस्कार र अनुभव पछिल्लो पुस्तालाई हस्तान्तरण गर्न जेष्ठ नागरिक संग नयाँ पुस्ता सम्बाद कार्यक्रम संचालन गरिनेछ ।
- अपाङ्गता भएका व्यक्तिहरुलाई उनीहरुको रुची र चाहना अनुसारको सिप तथा व्यावसायिकता विकास तालिम दिइनेछ ।
- यौनिक तथा लैंगिक अल्पसंख्यकहरुको तथ्यांक संकलन गरि आवश्यक कार्यक्रम तर्जुमा गरि कार्यन्वयन गरिनेछ ।
- लागूऔषध दुर्व्यसनीमा फसेका युवायुवतीहरुको निम्ति पुनस्थापना प्याकेज कोर्स निर्माण गरि लागु गरिनेछ ।साथै मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण सम्बन्धि विभिन्न कार्यक्रम संचालन गरिनेछ ।
- अपाङ्ग सहायता सामग्री वितरणलाई निरन्तरता दिईनेछ ।
- दृष्टि बिहिनहरुका लागि खेलकुदको आयोजना गरिनेछ ।
- जेष्ठ नागरिक तीर्थाटन कार्यक्रमलाई यसै वर्ष देखि सुरु गरिनेछ ।
- प्रत्येक वडामा जेठी आमा जेठा बुवा सम्मान कार्यक्रम संचालन गरिनेछ ।
- बृद्ध, जेष्ठ नागरिक तथा महिला बालबालिकाहरुलाई लक्षित गरि दिवा सेवाको विस्तार गरि क्रमश सबै वडाहरुमा पुर्याइनेछ ।
- नगर भित्र हरेक खालका सामाजिक कुरीति, अन्धविश्वाशको अन्त्य गरि सामाजिक सहिष्णुता कायम गरिनेछ।
- सामाजिक संजालका माध्यमबाट सामाजिक सहिष्णुता तथा सामाजिक सद्भाव धमिल्याउन खोज्ने, समाजमा भ्रम फैलाउन खोज्ने जो कोहीलाई पनि नगरको नकारात्मक सुचिमा राखी नगरबाट पाउने सुविधा तथा सेवा प्रवाहमा जोडी कानुनी दयारामा ल्याईनेछ।

मधुवन न.पा.

- अति विपन्न, भूकम्प-बाढी तथा आगलागी, महामारी जस्ता प्रकोपबाट पिडितहरुलाई खाधान्न सहयोग गर्न सकियोस भन्ने प्रयोजनको लागि *"नगर प्रमुख दैवी प्रकोप राहात कोष"* को स्थापना गरिनेछ ।
- खाना मानिसको प्राथमिक र अपरिहार्य आवश्यकता हो । खाधान्न तथा रकम अभावमा कोहि भोको नहोस भन्ने पवित्र उदेश्यका साथ *"मधुवन धर्म भकारी"* को स्थापना गरिनेछ ।यसको रेखदेख तथा परिचालन नेपाल रेडक्रस सोसाइटी मधुवन क र ख बाट गरिनेछ ।
- वडा भित्र रहेका धाराहरु तथा चौताराहरुको निर्माण तथा संरक्षण गरिनेछ ।
- पुजा आजा देखि विभिन्न कार्यमा आवश्यक पर्ने सालको पातको दुना टपरी बनाउने तालिम संचालन गरिनुका साथै महिला उधमीलाई आवश्यक पर्ने उपकरणहरु (समुहमा ) उपलब्ध गराइनेछ ।
- महिलाहरुलाई लोकसेवाको पहुँच सम्म पुऱ्याउन लोक सेवा तयारि कक्षाहरु संचालन गरिनेछ ।
- लैंगिक हिंसा निवारण कोषलाई निरन्तरता दिई कोषको प्रभावकारी परिचालन गरिनेछ ।
- असाहय, संरक्षण बिहिन तथा जोखिममा रहेका बालबालिकाको उद्धार तथा पुनर्स्थापना गर्न आपतकालीन बाल उद्धार तथा राहत कोष स्थापना गरि परिचलान गरिनेछ ।

## ७. आर्थिक प्रशासन तथा राजस्व परिचालन

- स्थानीय तह अन्तर्गत आर्थिक प्रशासनमा संचालित सफ्टवयर सुत्र(SUTRA) प्रणालीबाटै बजेटिंग तथा लेखांकन प्रणालीलाई निरन्तरता दिइनेछ ।
- नगरपालिकाबाट हुने भुक्तानी प्रक्रियामा विद्युतीय भुक्तानी प्रणालीको अबलम्बन गरि पूर्णतया पेपेरलेस कारोबार गरिनेछ ।
- वित्तीय प्रतिवेदन तथा लेखांकनलाई नेपाल सरकारले तोकेको ढाँचामा राखी थप व्यवस्थित गरिनेछ ।
- पुँजीगत खर्च वृद्धिका लागि समयसारिणी सहितको योजना तयार गरि कार्यन्वयन गरिनेछ ।
- सरकारी खर्चमा मितव्ययिता तथा फजुल खर्च नियन्त्रणका लागि आर्थिक नियन्त्रण प्रणाली बनाई कार्यान्वयनमा ल्याईनेछ ।
- बक्यौता, बेरुजु एवंम् पेश्की फछ्यौंट गर्ने कार्यलाई प्रभावकारी रुपमा संचालन गरि असुल उपर गर्नुपर्ने रकम कडाइका साथ असुल उपर गर्ने नीतिलाई थप प्रभावकारी बनाईनेछ।
- नगर स्तरीय राजस्व परामर्श समिति तथा राजश्व प्रक्षेपण सम्बन्धि सम्भाव्यता अध्ययन प्रतिबेदनमा उल्लेखित सुझाब एवं सिफारिसलाई नगरपालिकाको राजश्व नीतिको आधारको रुपमा अवलम्बन गरिनेछ ।
- राजश्व संकलन प्रक्रियामा विद्युतीय सूचना प्रणाली अवलम्बन गरिनेछ ।
- आन्तरिक श्रोतका कर, शुल्क, महशुल असुली व्यवस्थापनलाई प्रभावकारी बनाई नगर विकासको गतिलाई दिगो र भरपर्दो बनाउनको लागि राजश्व असुलीको योजनालाई निरन्तरता दिइनेछ ।
- आन्तरिक राजश्व अभिबृद्धिका लागि सार्वजनिक निजि साझेदारी अन्तर्गत व्यवसाय कर, पसल घर जस्ता क्षेत्रमा भएको सार्वजनिक निजि साझेदारीको प्रयासलाई निरन्तरता दिईनेछ ।
- नगरको आन्तरिक श्रोत अभिबृद्धि गर्न करको दायरा वृद्धि गरि प्रत्येक वर्ष सबै भन्दा बढी कर तिर्ने करदातालाई सम्मान गरिनेछ ।
- नगरपालिकाको राजश्व वृद्धिका लागि नगरपालिका भित्र रहेका उद्योग, व्यवसाय, फर्म इत्यादिको अभिलेख राखी नियमति कर असुलीको व्यवस्था गरिनेछ ।

मधुवन न.पा.

## ८. संस्कृति तथा पर्यटन

- मधुवन नगरपालिकालाई धार्मिक तथा पर्यटकीय स्थलको रुपमा विकास गरिनेछ।
- मधुवन नगरपालिकाको उपयुक्त स्थानमा सम्भाव्यता अध्ययन गरि जडिबुटी पार्क निर्माण गरिनेछ । नगरपालिकाका विभिन्न क्षेत्रमा पिकनिक स्थलको रुपमा विकास गर्न निर्माण कार्य अगाडी बढाइनेछ।
- नेपालको पहिलो रेल्वे लाइन जुन भारतको निसानगाडा बाट सुरु भई मधुवन, माचड, गमक्का, बन्द्राज, बसन्ता हुँदै ठाकुरबाबाको खैर भट्टीसम्म संचालित ३५ कि.मि. लामो रेल मार्ग मधुवनको मात्र नभएर नेपालकै इतिहास हो । सो रेल्वे मार्गलाई पर्यटकिय क्षेत्रको रुपमा विकास गरिनेछ ।
- राष्ट्रगुरु योगी नरहरीनाथद्वारा स्थापित कोठियाघाटमा रहेको ओमकारेश्वर शिव पंचायन मन्दिर, उत्तर कौशल धार्मिक वन बाटिका तथा कोटीहोम क्षेत्रको विकासको लागि गुरुयोजना बनाई लागु गरिनेछ ।
- नेपालि लोक संगीत संग्रहालयको स्थापना गरिनेछ ।
- गुरुङ, मगर, तामांग, नेवार,राजी, कुमाल लगायतका सीमान्तकृत समुदायको लगत संकलन गरि भाषा संस्कृति जगेर्ना गर्न उक्त समुदायको परामर्शमा कार्य गरिनेछ ।
- थारु लोक कथाहरुको संकलन गर्नुका साथै संस्कृति क्यालेन्डर जारि गरिनेछ ।
- धार्मिक आस्थाको रुपमा रहेको मन्दिर, गुम्बा, मरुवा, चर्च आदिको संरक्षण गरिनेछ ।
- थारु संस्कृति संरक्षण तथा पुर्खौली सिप संरक्षण गर्न ढकिया बुन्ने तालिम, लेहेंगा चोली बनाउने एड्भान्स तालिम जस्ता तालिमहरु संचालनमा ल्याइनेछ ।
- परम्परागत सिपको विकास गर्न आरन सुधार लगायतका कार्यक्रमहरु संचालन गरिनेछ ।
- परम्परागत प्रयोगमा रहेको ढिकी, जाँतो, पानि घट्ट, खुर्पेटो, उखु तथा तोरी पेल्ने कोल, छत्री, ढकिया, हेल्का, पखई, ढडिया, माछा मार्ने बुनेको जाल लगायतका अन्य परम्परागत औजारहरु भावी पुस्ताको नासोको रुपमा संरक्षण गर्न विशेष पहल गरिनेछ ।यसका लागि विशेष संग्रहालयको निर्माण गरिनेछ ।
- पन्चेबाजा संरक्षण तथा पन्चेबाजा टोलीको सम्मानका लागि आवश्यक पोशाक र बाजा मर्मतका कार्यक्रमहरु संचालन गरिनेछ ।
- ऐतिहासिक ताराताल र लालताल संरक्षणको अभियान संचालनमा ल्याइनेछ ।
- भगरैया भगार काललाई पर्यापर्यटन र वातावरण संरक्षण संग जोडी विकास गर्ने नीति लिइनेछ ।
- बबई र कर्णाली नदी तथा भगरैया तालमा नौका बिहार संचालन गरि प्रयटन प्रवर्द्धन गरिनेछ ।
- होमस्टे प्रवर्द्धन र विकासमा बिशेष जोड दिईनेछ ।
- ऐतिहासिक र पुरातात्विक महत्वका (बालकुमारी मन्दिर, कैलाशी बाबा मन्दिर) लगायतका मठ मन्दिरहरु संरक्षण र सम्बर्द्धन गरिनेछ ।
- नगरपालिका भित्र रहेका सम्पूर्ण धार्मिक स्थल, सिमसार तथा ताल तलैयाको संरक्षण तथा सम्बर्द्धन गरि पर्यटन प्रवर्द्धन गरिनेछ ।

मधुवन न.पा.

## ९. वन वातावरण तथा विपद व्यवस्थापन

*"नगर भरि हरियाली प्रवर्द्धन, स्वच्छ र सफा हाम्रो मधुवन"*

- वातावारण तथा  विपद व्यवस्थापन शाखाको सुदृढीकरणका लागि आवश्यक कर्मचारीको व्यवस्थापन गरिनेछ जसले वन वातावरण फोहोरमैला व्यवस्थापन, प्राकृतिक स्रोतहरुको संरक्षण, जलवायु परिवर्तन तथा विपद व्यवस्थापन सम्बन्धि एकीकृत रुपमा कार्य गर्नेछ ।
- ओराही खोलामा रहेको गोदाना स्थित स्वचालित बाढी तथा वर्षामापन केन्द्रको सुचनाहरु तल्लो तटीयक्षेत्रका बासिन्दाहरुलाई सूचना प्रवाह गर्ने व्यवस्था मिलाइनेछ ।
- प्राकृतिक स्रोत तथा वातावरण संरक्षण ऐन निर्माण तथा कार्यन्वयन गरिनेछ ।
- बहुप्रकोपमा आधारित विपद, प्रभावित उद्धार र राहत सम्बन्धि मापदण्ड तयार गरि लागु गरिनेछ ।
- विपद व्यवस्थापन तथा जलवायु परिवर्तन सम्बन्धि विषयवस्तु पालिकाको पाठ्यक्रममा समावेश गरिनेछ ।
- स्थानीय आपतकालीन कार्य संचालन केन्द्र व्यवस्थापन गर्दै बाढी पुर्व सूचना प्रणालीको सुदृढीकरण गरिनेछ ।
- विद्युतीय चुलोको प्रयोगलाई बढावा दिईनेछ।
- बाढी तथा अन्य प्रकोपबाट समुदायमा हुने जनधनको क्षेतिलाई तेस्रो पक्षमा हस्तान्तरण गर्न बिमा कार्यक्रम बिशेष अनुदानको व्यवस्था मिलाउदै सरोकार वाला संघ संस्थाहरुको समन्वयमा कृषकमैत्री बिमा कार्यक्रम संचालन गरिनेछ ।
- बाढी, भूकम्प लगायत यस पालिकामा हुने मुख्य जोखिमलाई मध्यनजर गर्दै कृतिम घटना अभ्यास समुदाय सरोकार वाला निकायहरुको समन्वय र सहकार्यमा संचालन गरिनेछ ।
- बर्षेपिच्छे बन्यजन्तुबाट मानवीय क्षति हुने गरेको हुँदा मानव तथा बन्यजन्तु विचको द्वन्द्व न्यूनीकरण गर्न सम्भावित स्थानमा तारवारको व्यवस्था गरिनेछ ।
- वनको दिगो विकास सम्बन्धि स्थानीय मापदण्ड तयार गरि पालिका भित्रका सबै वन क्षेत्रमा दिगो वन व्यवस्थापन कार्यक्रम लागु गरिनेछ ।
- विपद तथा जलवायु उत्थानशील योजना (LDTRP) कार्यन्वयनलाई निरन्तरता दिईनेछ ।
- एक समुदाय एक वन, एक उद्धान, एक पानी पोखरी को अभियान संचालन गरि पर्यटनमा टेवा पुऱ्याउने र जैविक विविधताको संरक्षण गरिनेछ ।
- अघिल्लो वर्ष घोषणा गरिएको  पाँच वर्षमा पाँच लाख बिरुवा रोप्ने संकल्प बमोजिम बिरुवा रोपी हुर्काउने र हरियाली प्रवर्धन गर्न घर नक्सा निर्माणको तह देखि नै एक घर दुइ बिरुवा नीतिलाई यसै आर्थिक वर्ष देखि प्रारम्भ गरिनेछ ।
- पालिका स्तरमा वन व्यवस्थापन सूचना प्रणालीको विकास गरि लागु गरिनेछ ।
- सामुदायिक वन उपभोक्ताबाट संघ तथा प्रदेश सरकारले तोके बमोजिमको राजश्व शुल्क करलाई एकद्वार प्रणाली अनुसार स्थानीय सरकारबाट उठाई स्थानीय स्तरमा मानव विकास गरि वनको दिगो विकास, संस्थागत सुदृढीकरण र वन उधम प्रवर्धनमा लगानी गरिनेछ ।
- वर, पिपल, समी, तथा सिमल कटानमा मानव जीवनमा गम्भीर खतरा परेकोमा बाहेक पूर्ण प्रतिवन्ध लगाईनेछ ।

- वनमा आधारित जडिबुटीको खोज, अनुसन्धान, उत्पादन, संकलन, तथा प्रशोधनका निम्ति आवश्यक सुझाव दिन एक समिति गठन गरि आवश्यक राय संकलन गरि प्राप्त रायका आधारमा जडिबुटी विकासका विशेष कार्यक्रमहरु संचालनमा ल्याईनेछ ।
- नदि कटान रोक्न तथा वनमा भैरहेको क्षयिकरण रोक्न बाँस खेतीको सम्भाव्यता अध्ययन गरि तटीय तथा झरन क्षेत्रमा वृक्षारोपन कार्यक्रम सुरुवात गरिनेछ ।
- वन तथा वातावरण संरक्षण तथा आय आर्जनको लागि खाता सामुदायिक वन समन्वय समिति संग सहकार्य गरिनेछ ।
- खाता जैविक मार्ग विकास र पर्यटकीय क्षेत्रको रुपमा बढाउनुका साथै वन विज्ञान अध्ययनको केन्द्र (HUB) बनाउन खाता संरक्षित वन परिषद्को स्थापना गर्न आवश्यक समन्वय गरिनेछ ।
- मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरणको लागी बिशेष र नेतृत्वदायी पहल लिईने छ ।
- मधुवन नगरमा पाइने उष्ण प्रदेशीय झार तथा वनस्पतिको चिनारीका लागि बोटानिकल कोरिडोर बनस्पति रेखामार्गको निर्माण गरिनेछ ।
- घाँसे मैदान, तालतलैया, तथा सिमसार क्षेत्रको संरक्षण गरिनेछ ।
- ताराताल देखि राराताल अभियान अन्तर्गत ऐतिहासिक ताराताल तथा लालतालको संरक्षण गरिनेछ ।
- वडा न. ३ मा रहेको भगरैया ताललाई पर्यटकीय तथा आयवृद्धि अभियानका रुपमा विकास गरिनेछ ।
- नगर उज्यालो कार्यक्रम अन्तर्गत वन्यजन्तुबाट नागरिकको सुरक्षा गर्ने उदेश्यले सिमावर्ती क्षेत्र, निकुन्ज र बस्ती बिचको सिमा क्षेत्रमा सडक बत्तीहरुको बिस्तार गरिनेछ ।
- खालि रहेका तथा संरक्षणको पर्खाइमा रहेका सार्वजनिक जग्गाहरूलाई नगरको सौन्दर्य अभिवृद्धि गर्ने उदेश्यले उद्यान निर्माण गरि संचालन र संरक्षण गर्न इच्छुक धार्मिक तथा सामाजिक संस्थाहरुलाई नगरकै स्वामित्व रहने गरि कबुलियती उद्यान निर्माण तथा संचालन गर्न प्रोत्साहन गरिनेछ।
- सामुदायिक वन, सार्वजनिक खालि जग्गामा वृक्षारोपण गरि हरियाली प्रवर्द्धन गरिनेछ साथै सामुदायिक वनहरुलाई वर्गीकरण गरि आवश्यक प्रोत्साहन गरिनेछ ।
- सामुदायिक वनसंग बन्चित वस्ती तथा गाउँहरुलाई जिल्ला वन संगको समन्वयमा सामुदायिक वनमा आवद्ध गराउन विशेष पहल गरिनेछ ।
- उपयुक्त घाटहरुमा दाहसंस्कारका लागी आवश्यक व्यवस्था मिलाइनेछ ।

## १०. घरेलु उद्योग तथा सहकारी विकास

- सहकारी ऐन नियम अनुसार स्थापना भई उदेश्य अनुरुप संचालन हुन नसकेका २ वा २ भन्दा बढी सहकारीहरू एक आपसमा मर्ज हुन चाहेमा प्रक्रिया बमोजिम मर्जको नीति अवलम्वन गरि सहकारी संस्थालाई सुदृढीकरण गर्दै लगिनेछ।
- सबै सहकारीलाई चुस्त दुरुस्त बनाउन सहकारी तथा गरिबी सम्बन्धि व्यवस्थापन सूचना प्रणाली — कोपोमिस (COPOMIS) मा आवद्ध गरि यस मधुवन नगरपालिका भित्रका सहकारी संस्थाहरुका लागि आर्थिक तथा वित्तीय क्रियाकलापहरुलाई थप व्यवस्थित गरिनेछ । साथै नगरपालिकाको आर्थिक विकास शाखा मार्फत सहकारी संस्थाको क्षमता विकास गर्दै लगिनेछ ।

- मधुवन नगरपालिका स्तरीय सहकारी संजाल गठन गरिनेछ ।
- सहकारी संस्थाको नियमन र निरक्षणलाई प्राथमिकता दिइनेछ ।
- कोपोमिस (COPOMIS) संचालन गरेका सहकारीहरूलाई नगरपालिकाबाट दिईने सुविधाहरुमा बिशेष ग्राह्यता दिईनेछ ।
- रासायनिक मलखादको सर्वशुलभ व्यवस्थापनको लागि सहकारी संस्थाहरू मार्फत वितरण गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।
- बिउ बिजन उत्पादन तथा बजारीकरणका लागि नगरपालिकालाई आत्मनिर्भर बनाउन सहकारी संस्थालाई परिचालन गराइनेछ ।
- वित्तीय साक्षरता कार्यक्रम अगाडी बढाइनेछ।
- लघु तथा कुटिर उद्योग व्यवसाय लगायत जुनसुकै व्यवसाय पनि नगरपालिकामा दर्ता भई नवीकरण गर्नुपर्ने प्रवाधानलाई कडाइका साथ लागु गरिनेछ ।
- गरिबी निवारणका लागी लघु उद्यम विकास कार्यक्रम लगायत बिभिन्न तरिकाले सिर्जना गरिएका लघु उद्यमीकहरुको व्यवसाय विस्तार (उद्यमशिलता तालिम, सिप मुलक तालिम, प्रविधी सहयोग तथा बजारिकरण) लागी आवश्यक सहयोग गरिनेछ ।
- नगरपालिका भित्र सञ्चालनमा रहेका तर दर्ता प्रकृयामा नगएका बिभिन्न ब्यवशायी, उद्योगी, ब्यापारी जस्तै मासु पसल, दूध डेरी, घुम्ती पसल, घुम्ती मिल सेवा, होटेल तथा खाजा घर, ठेला गाडा, अटो ब्यवसाय, किराना पसल, अटो पार्ट तथा मोबाइल, ईलेक्ट्रोनिक पसल, हजाम ब्यवसाय, ट्याटु पसल तथा जिम खाना, फेन्सी तथा कपडा पसल, साईकल मर्मत तथा साईकल पसल, ग्यारेज, स्टेशनरी पसल, गिफ्ट पसल, खेलकुदका सामाग्री बिक्रि गर्ने पसल, फर्निचर तथा फर्निसिङ, मिठाइ पसल, ब्युटी पार्लर, औषधि पसल, ड्राइभिङ सेन्टर लगायत अन्य व्यवसायहरुलाई ब्यवस्थित र मापदण्ड अनुसार सञ्चालन गरिनुका साथै दर्ता प्रकृयामा सहभागी गराईनेछ ।
- कृषि सहकारीहरू मार्फत खाद्यान्नको न्युनतम (समर्थन) मूल्य तोकी खरिद प्रक्रियालाई अघि बढाइनेछ।
- बुटिक तथा साडीमा कडाई गर्ने, नेपालि ढाका उद्योग सम्बन्धि तालिम दिई महिलाहरुलाई आत्मनिर्भर बनाउने प्रयास गरिनेछ ।
- स्थानीय उत्पादनलाई प्रवर्द्धन गर्न र व्यावसायिकरण तथा बजारीकरण गर्न सहज होस् भन्ने उदेश्यले एक कोशेली घरको निर्माण गरि संचालनमा ल्याईनेछ ।
- प्राकृतिक स्रोत र साधन जन्य उद्योगहरु खास गरि क्रसर उद्योग, समिलहरु , बालुवा प्रशोधन केन्द्रहरु स्थापना गर्न आवश्यक सहयोग गरिनेछ ।तर सबै खाले उद्योगहरुलाई अनिवार्य करको दायरामा ल्याइनेछ ।
- क्रसर उद्योग, इट्टा उद्योग र समिलहरुलाई अनिवार्य रुपमा प्रदुषण शुल्क लगाइनेछ ।
- करको दायरामा नआएका र दर्ता नगरी संचालनमा रहेका त्यस्ता उद्योगहरुलाई दण्ड जरिवानाका साथै कानुनि कारवाही गर्ने नीति समेत लीइनेछ ।
- उद्योग संचालानका लागि अनुमति, सिफारिस दिंदा वातवरणिय पक्षलाई विशेष ध्यान दिईनेछ ।
- कृषि तथा पशुपंक्षी जन्य उद्योग स्थापना र संचालनमा आवश्यक प्रोत्साहन गरिनेछ ।
- सबै हाटबजार क्षेत्रमा आवश्यकता अनुसार सार्वजनिक शौचालय, सेड लगायतका संरचनाहरू निर्माण गर्दै लगिनेछ ।

- ओराली बजारमा रहेको बेलको जुस बनाउने उद्योगलाई प्रवर्द्धन तथा व्यवस्थित गर्न आवश्यक पहल गरिनेछ ।
- स्थानीय उद्योग तथा उत्पादनलाई प्रवर्द्धन तथा विकास गर्न आवश्यक पहल गरिनेछ ।

## ११. सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता

- सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सम्बन्धि गुनासो सुनुवाईलाई थप प्रभावकारी बनाउन अनलाइन गुनासो व्यवस्थापन प्रणाली (GMS) लागु गरिनेछ ।
- व्यक्तिगत घटना दर्ताका पुराना अभिलेखहरुको डिजिटाइजेसन गर्ने कार्यलाई पूर्णता दिईनेछ ।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने सबै लाभग्राहिहरुको तिन पुस्ते विद्युतीय अभिलेख राखिनेछ ।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने सबै लाभग्राहिहरुका लागि परिचय पत्र छपाइ वितरण गरिनेछ।
- सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सम्बन्धि पञ्जीकरण विभागबाट प्राप्त परिपत्र तथा ऐन नियमावलीमा भएका परिवर्तनका बारेमा अभिमुखीकरण कार्यक्रम संचालन गरिनेछ ।
- सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सम्बन्धि जनचेतना मूलक सूचना सामाग्रीहरु पत्रपत्रीका/रेडियो तथा टेलिभिजन मार्फत प्रचार प्रसार गरिनेछ ।
- अभियानका रुपमा रहेको व्यक्तिगत घटना दर्ता सप्ताह बैशाख १ देखि ७ गते सम्म बिभिन्न कार्यक्रमहरु संचालन गरि मनाईनेछ ।
- यसै आर्थिक बर्षदेखि सामाजिक सुरक्षा भत्ता निकासा EFT (Electronic Fund Transfer) सिस्टम मार्फत गर्ने कार्यको सुरुवात गरिनेछ ।

## १२. सार्वजनिक सेवा प्रवाह तथा सस्थागत शुसासन

- जनतालाई नमस्ते गरेर स्थापना भएको स्थानीय सरकार जनतालाई आफ्नो सार्वभौमसत्ताको आफु मालिक हो भन्ने अनुभूति हुने गरि सेवाग्राही नमस्ते कार्यक्रम संचालनमा ल्याइनेछ ।यसका लागि हेल्प डेस्क, खानेपानी तथा अन्य व्यवस्थापकीय कुराहरुको व्यवस्थापन समेत गरिनेछ र सेवाग्राहीलाई फ्री वाइफाई को व्यवस्था गरिनेछ ।
- नागरिक बडापत्र, विद्युतीय सूचना प्रणाली मार्फत सार्वजनिक सेवा प्रवाहलाई सरल र पहुँचयोग्य बनाइनेछ।
- सार्वजनिक सुनुवाई, सार्वजनिक परिक्षण, सामाजिक परिक्षण, सूचना तथा गतिविधि सार्वजनिकीकरणक माध्यमबाट सार्वजनिक उत्तरदायित्व अभिबृद्धि गर्दै सार्वजनिक सेवालाई गुणस्तरीय र पहुँचयोग्य बनाइनेछ ।
- सार्वजनिक सेवा प्रवाहलाई नागरिक मैत्री बनाउन नागरिक हेल्पडेस्क संचालन गरिनेछ ।
- कर्मचारीलाई आफ्नो काम प्रति जिम्मेवार बनाउन सबै पदहरुको कार्यविवरण तयार गरि लागु गरिनेछ ।

- कार्य सम्पादनलाई छिटो छरितो र जवाफदेही बनाउन नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत बीच कार्य सम्पादन करार सम्झौता गरिनेछ । यसै गरि प्रमुख प्रशासकीय अधिकृत र सबै शाखा प्रमुख बीच कार्य सम्पादन करार सम्झौता गरि कार्य सम्पादनको चौमासिक प्रगति समिक्षा गरिनेछ ।
- सार्वजनिक सेवा प्रवाह गर्दा मुस्कान सहित मुस्कान हुने सेवा प्रदान गरिनेछ ।
- निर्माण व्यवसायीलाई समयमै काम गर्नको लागि प्रोत्साहित तथा समयमै काम सम्पन्न गर्ने निर्माण व्यवसायीलाई सम्मान गरिने र समयमै काम सम्पन्न नगरी ढिला सुस्ती गर्ने निर्माण व्यवसायीलाई नकारात्मक सूचिको लागि सिफारिस समेत गरिनेछ ।
- निर्माण व्यवसायीलाई कार्यतालिका सहित प्रस्तुत गराई आयोजाना सम्झौता गरिनेछ ।साथै निर्माण तथा पूर्वाधार जन्य कार्य समयमै सम्पन्न गर्नको लागि आवश्यक कार्ययोजना बनाइ अगाडी बढिनेछ।
- पुराना तथा रुग्ण आयोजना तत्काल सम्पन्न गर्न नसक्ने व्यवसायीलाई नकारात्मक सुचिमा राख्नको लागि आवश्यक सिफारिस गरिनेछ ।
- कर्मचारी व्यवस्थापन सुधार गर्दै Right Man for Right Place को नीति अवलम्बन गरिनेछ ।
- सेवा प्रवाहलाई व्यवस्थित र मर्यादित बनाउन सेवाग्राहीहरुलाई First Come First Serve को आधारमा सेवा दिईनेछ । सम्बन्धित कार्यका बारेमा हेल्प डेस्क मार्फत सहयोग प्रदान गरिनेछ ।
- कार्यालय परिसरमा CCTV क्यामेरा जडान गरिनुका साथै यसै आर्थिक वर्षमा स्तनपान कक्ष, जेष्ठ नागरिक विश्राम स्थल र सेवाग्राहीहरुलाई सफा खानेपानीको व्यवस्थापनलाई चुस्त दुरुस्त बनाइनेछ ।
- सार्वजनिक खरिद प्रणालीलाई व्यवस्थित बनाउँदै खरिद प्रणालीलाई E-bidding बाट गरिनेछ ।
- मासिक रुपमा खर्च प्रणालीलाई सार्वजनिक गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।
- बेरुजु फछ्र्यौट, चालु र अनावश्यक खर्च कटौती गरि पुँजीगत खर्चमा वृद्धि गरिनेछ ।
- पोखरी गार्डेन, विश्राम स्थल सहितको हरियाली र फुलहरुले भरिपुर्ण नगर प्रतीकको रुपमा एक सुन्दर कार्यालय परिसर तथा गार्डेनको निर्माण गरिनेछ ।

## १३. जनशक्ति तथा क्षमता विकास

- नगरपालिकामा कार्यरत कर्मचारीको क्षमता विकासका लागि क्षमता विकास योजना तोके अनुसारको क्षमता सिप विकासमा विशेष ध्यान दिइनेछ ।
- कर्मचारीको क्षमता विकास सम्बन्धि तालिम प्रदान गरिनेछ ।

## १४. न्यायिक समिति

- न्यायिक समितिमा दर्ता हुन आएका विवाद समाधानमा सहज, सरल, छिटो, छरितो, निश्पक्ष रुपमा सहजीकरण गरि दुवै पक्षलाई जित जितको अवस्थामा पुऱ्याई न्याय सम्पादनमा सहयोग पुऱ्याउन मेलमिलाप कर्यक्रमलाई दिगो र प्रभावकारी रुपमा व्यवस्थापन गर्दै लगिनेछ ।
- न्यायिक समितिले लैंगिक हिंसा पिडित व्यक्तिहरुलाई मानसिक तनाव व्यवस्थापन मनोविमर्श तालिम संचालन गरिनेछ ।
- हिंसा पिडित महिला तथा बालबालिकाहरुलाई पिडितको अवस्था हेरी अल्पकालीन वा दिर्घकालिन संरक्षणको लागि सहयोग गरिनेछ ।

नगरपालिका (watermark)

- लैंगिक हिंसा पिडितहरुलाई हिंसाको प्रकृति हेरी कानुनी सहायताको लागि आर्थीक सहयोग गरिनेछ ।
- ग्रामिण क्षेत्रमा रहेका नागरिकहरुलाई कानुनी सचेतना सम्बन्धि अन्तरक्रिया कार्यक्रम संचालन गरिनेछ ।
- महिला र बालबालिकाहरुको क्षमता अभिबृद्धि गर्नका लागी उपमेयर संग महिला तथा बालबालिकाहरुको अधिकार सम्बन्धि अभिमुखीकरण कार्यक्रम संचालन गरिनेछ ।
- न्यायिक समितिमा परेका उजुरीहरू अध्ययन गरि न्याय सम्पादनमा तिब्रता ल्याइनेछ।
- सबै वडाहरुमा मेलमिलाप केन्द्रहरुको व्यवस्थापन गरिनेछ र मेलमिलाप कर्ताहरुलाई तालिमको व्यवस्था गरिनेछ ।
- विवाद समाधान र न्यायमा सबै नागरिकको सहज पहुँचलाई सुनिश्चित गर्न विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ ।
- न्यायिक समितिको कार्य सम्पादनलाई चुस्त दुरुस्त बनाउन इजलास व्यवस्थापन गरिनेछ ।
- मेलमिलाप कार्यलाई चुस्त दुरुस्त बनाउन मेलमिलाप कर्ताहरुको लागि पुनर्ताजगी तालिमको आयोजना गरिनेछ ।
- कानुनी वहस, पैरवी र छलफललाई निरन्तरता दिईनेछ ।
- न्यायिक समितिको काम, कर्तव्य र अधिकार बारे समुदायस्तर सम्म व्यापक जनचेतना मुलक कार्यक्रमहरु संचालन गरिनेछ ।

# १५. रोजगार सेवा

- रोजगार व्यवस्थापन सूचना प्रणाली (EMIS) मार्फत श्रमबजारमा रहेका श्रमिकहरुको सिप र क्षमतको उपयोग गर्न सहज हुने गरि उनीहरुको व्यक्तिगत विवरण रहेको श्रम सुचना बैंक स्थापना गरिनेछ ।
- युवा रोजगारीको लागि रुपान्तरण पहल आयोजना मार्फत युवालाई रोजगारी सिर्जना गरिनेछ ।
- स्थानीय स्तरमा संचालन हुने भौतिक पूर्वाधार निर्माण आयोजना तथा कार्यक्रममा काममा लगाउँदा रोजगार सेवा केन्द्रमा सुचिकृत विपन्न बेरोजगार व्यक्तिहरुलाई प्राथमिकता क्रम अनुसार क्रमश काममा लगाइनेछ ।
- पालिका भित्र रोजगारी संग सम्बन्धित काम गर्ने संघ संस्थाहरुले सुचिकृत बेरोजगारहरुलाई पहिलो प्राथमिकता दिने व्यवस्था मिलाइनेछ ।
- बैदेशिक रोजगार बोर्डबाट उपलब्ध गराउने आर्थिक सहायता वितरण सम्बन्धि कार्यलाई निरन्तरता दिदै सो कार्यक्रम सम्बन्धि जनचेतनाको कार्यक्रमहरु प्रत्येक वडाहरुमा संचालन गरिनेछ ।
- बैदेशिक रोजगार बोर्डबाट उपलब्ध गराईने आर्थिक सहायता वितरण सम्बन्धि जनचेतना मूलक सूचना सामाग्रीहरु स्थानीय पत्रपत्रीका तथा रेडियो मार्फत प्रचार प्रसार गरिनेछ ।
- बैदेशिक रोजगार बाट फ़र्किएकाहरुको लागि पुनः एकीकरण कार्यक्रम मार्फत स्वदेशमै केहि गर्ने वातावारण सिर्जना गर्नका लागि बैदेशिक रोजगार बोर्ड संग समन्वय गरि आंशिक बजेटको व्यवस्था गरि विभिन्न आत्मनिर्भरता सम्बन्धिका तालिम प्रदान गरिनेछ ।
- युवाहरुलाई लक्षित गरि विभिन्न किसिमका तालिमहरु संचालन गरि रोजगारीमा आत्मनिर्भर गराइनेछ ।

- युवा लक्षित व्यवसाय तथा रोजगारीका कार्यक्रमहरुलाई प्रभावकारी रुपमा अगाडी बढाइनेछ ।

## १६. खानेपानी तथा सरसफाई

- कुहिने र नकुहिने फोहोरलाई स्रोतमै छुट्टयाई दिगो व्यवस्थापन गरिनेछ।
- डम्पिंग साइट र ल्याण्डफिल्डको छनोट र स्तरोन्नति गरिनेछ ।
- यसै वर्ष देखि दिसा जन्य लेदो पदार्थ व्यवस्थापन केन्द्र संचालनमा ल्याइनेछ र सोको लागि आवश्यक सक्सेन ट्यांक निर्माण गरि संचालनमा ल्याइनेछ ।
- पालिका भित्रका सबै वडाहरुमा संघिय सरकार, प्रदेश सरकार साथै स्थानीय तहको खानेपानी उपभोक्ता समितिहरुसंग समन्वय गरि सबै वडामा खानेपानी ट्यांकी सहितको स्वच्छ खानेपानीको व्यवस्था मिलाइनेछ ।
- नगरपालिका भित्रमा खानेपानीको महशुल समान गरिनेछ ।
- फोहोरमैला व्यवस्थापन तथा सरसफाई कर लागु गरिन्छ ।
- फोहोर मैला व्यवस्थापनालाई कर प्रणालीमा समेत आवद्ध गरि विगतमा तोकिएको दस्तुर अनुरुप नै फोहोर मैला वापत सराफाई करको दायरामा सेवाग्राहीलाई राखिने छ ।

## १७. विविध

- गैर सरकारी संघ संस्थाहरुको नियमित नियमन तथा अनुगमन कार्यलाई प्रभावकारी बनाउनुका साथै अनिवार्य रुपमा सुचिकृत हुने व्यवस्था मिलाइनेछ ।
- एकीकृत भू-उपयोग नीति, कार्यविधि निर्माण गरि कार्यन्वयन गरिनेछ ।
- यसै वर्ष देखि भू-उपयोग नीति अनुरुप जग्गा वार्गीकरणका कामहरुमा थप सुधार गरिनेछ ।
- भूमिहीन सुकुम्बासी, भूमिहीन दलित, अव्यवस्थित बसोबासीहरुलाई यसै वर्ष जग्गा धनि प्रमण पुर्जा उपलब्ध गराउन बिशेष पहल गरिनेछ ।
- मधुवन नगरपालिकाको समग्र विकासका लागि संघिय सरकार, प्रदेशसरकार, अन्य दातृ निकाय, सँघसँस्था, निजी क्षेत्र, सहकारी संस्था तथा बितिय क्षेत्र सँग आवश्यक समन्वय तथा साँझेदारी गरिनेछ ।

सभाका सदस्य ज्यूहरु,

माथि उल्लेखित नीति तथा सोहि अनुसार बन्ने कार्यक्रमलाई बजेटको दायारासंग जोड्दै आगामी आ.व. मा पुरा गर्ने लक्ष्य लिइएको छ । नीति तथा कार्यक्रम कार्यन्वयनमा यहाँहरुको अमुल्य साथ र सहयोग प्राप्त हुनेछ भन्ने पूर्ण विश्वास लिएको छु।

नीति निर्माणका क्रममा अहोरात्र खटिने सभाका सदस्य ज्यूहरु, विषयगत समितिहरु, सुझाव दिनुहुने सबै राजनैतिक दल, सामाजिक संघ संस्था, न्याय र विकास प्रेमी मेरा आमाबुवा, दाजुभाई तथा दिदीबहिनीहरु, विभिन्न पेशागत संघ संगठनहरु, कार्यालयमा कार्यरत कर्मचारि मित्रहरु, पत्रकार मित्रहरु प्रति आभार व्यक्त गर्दै नीति कार्यन्वयनका विभिन्न चरणहरुमा यँहाहरुको अमुल्य सुझाव को आशा राख्दै सम्पूर्ण जनहरुमा हार्दिक आभार ब्यक्त गर्दछु ।

**धन्यवाद !!!**

**तेज बहादुर भाट**
**नगरप्रमुख**
**मधुवन नगरपालिका, बर्दिया**

**मितिः २०८०/०३/०७**

मधुवन न.पा.